# अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८०

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित, आर्थिक समानता, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने अपेक्षा गरेको छ। त्यस्तै गरी संविधानमा सामान्य कानूनको प्रयोगमा अपाङ्गताको आधारमा भेदभाव गरिने छैन, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने, अपाङ्गता भएका नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षाको व्यवस्था, अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने व्यवस्था, अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको व्यवस्थाका साथै अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने व्यवस्था रहेको छ।

नेपाल पक्ष भएको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, 2006 लाई नेपालले २००९ मा अनुमोदन गरिसकेको र विश्व अपाङ्गता सम्मेलनमा नेपालले सहभागिता जनाई अपाङ्गता समावेशी विकासप्रति कटिबद्ध व्यक्त गरिसकिएकोले अपाङ्गता भएका व्यक्तिको अधिकारको क्षेत्रमा नेपाल अन्तर्राष्ट्रिय रूपमा नै प्रतिबद्ध रहेको छ। अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ।

अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवनयापनका लागि आर्थिक एवं सामाजिक सशक्तीकरण गर्ने उद्देश्यसहित पन्ध्रौँ आवधिक योजना र दिगो विकास लक्ष्यमा अपाङ्गतामैत्री विद्यालयलगायतका सार्वजनिक स्थलमा सुरक्षित, समावेशी र सर्वसुलभ पहुँचको विषय समावेश गरी कार्यान्वयनमा रहेको छ। अपाङ्गता भएका व्यक्तिको लागि सामाजिक सुरक्षा, आरक्षणको व्यवस्था, पुनःस्थापना सेवा, क्षमता विकास र सहायक सामग्री वितरणलगायतका विभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ।

यस क्षेत्रका प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्त गर्न, सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्यलाई सुदृढ बनाउन, स्थानीय तहबाट वितरण भइरहेको अपाङ्गता परिचयपत्रको वितरण प्रणाली र सेवा प्रवाहलाई थप भरपर्दो, सरल र सहज बनाउन, तीन तहका सरकारबाट समावेशी नीति, योजना, कार्यक्रम तथा वार्षिक बजेटमार्फत समृद्ध र न्यायपूर्ण समाजको स्थापना गर्न आवश्यक देखिएको छ।

## २. वर्तमान स्थिति

२०७८ सालको जनगणनाअनुसार अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या कुल जनसङ्ख्याको २.२ प्रतिशत रहेको छ। अपाङ्गता भएका व्यक्तिको जम्मा जनसङ्ख्या ६,४७,७४४ मध्ये महिला २,९३,४४३ र पुरुष 3,५१,३०१ रहेको छ। २०८० साल मंसिर महिनासम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने पूर्ण अशक्त अपाङ्गता ६५,१५६ र अति अशक्त अपाङ्गता १,३९,३०८ गरी कुल २,०४,४६४ रहेका छन्। राज्यका विभिन्न संरचना तथा निकायमा अपाङ्गता भएका व्यक्तिको सहभागिता र प्रतिनिधित्वको अवस्था सुधार हुँदैआएको छ। त्यसैगरी निजामती सेवालगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवामा पाँच प्रतिशत अपाङ्गता भएका व्यक्तिका लागि आरक्षणको व्यवस्था गरिएको छ। निजामती सेवामा अपाङ्गता भएका व्यक्तिको सहभागिता २०६४/६५ देखि २०७९/८० सम्म ११११२ जना रहेको छ। अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक विकासका लागि भएका नीतिगत, कानूनी व्यवस्था र सञ्चालित कार्यक्रमले अपाङ्गता भएका व्यक्तिको सहभागिता, विद्यमान स्रोत साधनमा पहुँच, उद्यमशीलता र रोजगारीमा वृद्धि भई जीविकोपार्जन सुधार हुँदै आएको छ।

## ३. समस्या

अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरमा समान पहुँच नहुनु; विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान रहनु; सूचना, सञ्चार तथा प्रविधिमा

अपाङ्गता भएका व्यक्तिको सहज पहुँच पुग्न नसक्नु; सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य, शिक्षा तथा सहायक सामग्रीको पहुँच प्रर्याप्त नहुनु; जीवनचक्र प्रणालीमा आधारित भई अपाङ्गताको समयमै पहिचान गरी तदअनुरूप उपयुक्त पुन:स्थापना सेवाको पर्याप्तता नहुनु; अपाङ्गता भएका व्यक्तिको लागि लक्षित कार्यक्रम पर्याप्त नहुनु र सबै क्षेत्रका निर्णायक तहमा अपाङ्गता भएका व्यक्तिको न्यून सहभागिता रहनुजस्ता विषयहरू प्रमुख समस्याको रूपमा रहेका छन्।

## 4. चुनौती

सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री विषयलाई संस्थागत एवं आन्तरिकीकरण गर्नु; सामाजिक संरचना र सोचमा परिवर्तन गर्नु; नेतृत्व तहमा अपाङ्गता भएका व्यक्तिको निर्णायक भूमिकामा बढोत्तरी ल्याउनु; सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पूर्वाधार, आवश्यकतानुसार सेवा सुविधा तथा सहायक सामग्रीहरूको व्यवस्थापन गर्नु;अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको प्रकृतिबमोजिम खण्डीकृत तथ्याङ्क सङ्कलन गरी राज्यबाट प्रदान गरिने प्रचलित कानूनबमोजिमका विशेष सुविधा प्रदान गर्नु; अपाङ्गता भएका व्यक्तिको हक अधिकार तथा सुविधाको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु; अपाङ्गता भएका व्यक्तिलाई गरिने सामाजिक विभेद अन्त्य गरी न्यायपूर्ण समाजमा रूपान्तरण गर्नु यस क्षेत्रका चुनौती हुन्।

## 5. नीतिको आवश्यकता र औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनसंरचना र अधिकारको बाँडफाँटको कार्यान्वयनलाई प्रभावकारी बनाउन; अपाङ्गताका सम्बन्धमा तीन तहको सरकार, निजी क्षेत्र, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको भूमिका स्पष्ट बनाउन; आवधिक योजनाका लक्ष्य एवं उद्देश्य हासिल गर्न; दिगो विकासको लक्ष्य प्राप्त गर्न; अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र विकासमार्फत समृद्ध र न्यायपूर्ण समाजको स्थापना गर्न; अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा सहायक सामग्री उपलब्ध गराउन; अपाङ्गता परिचयपत्र वितरणलाई सरल, सहज र पहुँच योग्य बनाउन; निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिता वृद्धि गर्न; शिक्षा, स्वास्थ्य, रोजगारी र सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच वृद्धि गर्न र अपाङ्गता भएका व्यक्तिको अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्नको लागि यस नीतिको आवश्यकता रहेको छ।

अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट आर्थिक सशक्तीकरण गर्न, अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन र अपाङ्गता भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक हक सुनिश्चित गर्न यो नीतिको औचित्य रहेको छ।

अपाङ्गताको क्षेत्रमा मुलुकले हासिल गरेका उपलब्धिलाई निरन्तरता दिँदै समावेशी एवं समतामूलक शासन प्रणालीलाई स्थानीय तहदेखि नै संस्थागत गर्न यस नीतिले मूल नीतिको रूपमा मार्गनिर्देश गर्नेछ।

## 6. दीर्घकालीन सोच

अपाङ्गता भएका व्यक्तिको मर्यादित, स्वावलम्बी र आत्मनिर्भर जीवन।

## 7. सोचको परिदृश्य

अपाङ्गता भएका व्यक्तिको सम्मान तथा अधिकार प्रवर्धन गर्दै अपाङ्गता समावेशी एवं समतामूलक समाज निर्माण गर्ने।

## 8. लक्ष्य

राज्यका सबै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक सहभागिता र पहुँच स्थापित गर्दै, आर्थिक र सामाजिक सशक्तीकरणद्वारा सम्मानपूर्वक जीवनयापनको सुनिश्चित गर्ने।

## 9. उद्देश्य

९.१ राज्यका सबै तहमा समावेशी एवं समतामूलक शासन प्रणाली स्थापित गर्नु।

९.२ अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु।
९.३ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई सबल, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु।
९.४ भौतिक पूर्वाधार, यातायात तथा सञ्चार प्रविधिलाई अपाङ्गतामैत्री बनाउनु।

## 10. नीति

१०.१ कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट राज्यका तीनवटै शासकीय तहमा समावेशी एवं समतामूलक प्रणालीको विकास गर्ने।

१०.२ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि एवं इच्छाधीन आलेखलगायत राष्ट्रिय कानूनमा भएका व्यवस्था कार्यान्वयनमा ल्याउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्ने।

१०.३ अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापनको वातावरण सुनिश्चित गर्ने।

१०.४ निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक तथा नियमनकारी उपायद्वारा समावेशी एवं समतामूलक प्रणालीको विकास गर्ने।

१०.५ भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत र सूचना प्रविधिलाई पहुँचयुक्त बनाई अपाङ्गता भएका व्यक्तिलाई समाजमा प्रभावकारी रूपमा समावेशीकरण गर्ने।

## 11. रणनीति

११.१ अपाङ्गता भएका व्यक्तिको मर्यादित, स्वावलम्बी र आत्मनिर्भर जीवन सुनिश्चित गर्नका लागि संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट राज्यका तीनवटै शासकीय तहमा समावेशी एवं समतामूलक प्रणालीको विकास गर्ने।

११.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने।

११.३ राज्यका सवै तहमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चित गर्ने।

११.४ निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक तथा नियमनकारी उपायद्वारा अपाङ्गता भएका व्यक्तिप्रति रहेको नकारात्मक सामाजिक मूल्य मान्यतमा परिवर्तन ल्याउने।

११.५ स्वरोजगार, रोजगारी, आयआर्जन, उद्यमशीलता र परिवार सहायताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तीकरण गरी आत्मनिर्भर बनाउने।

११.६ अपाङ्गता भएका व्यक्तिप्रतिको हानिकारक अभ्यास, अन्धविश्वास, विभेद, हिंसा र शोषणको न्यूनीकरण गरी समतामूलक समाजको निर्माण गर्ने।

११.७ अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सेवा सुविधासहितको आवासीय एवं अल्पकालीन पुनःस्थापना र स्वास्थ्योपचारलगायतका आवश्यकताअनुसारका सहायक सामग्रीको व्यवस्था गर्ने।

११.८ अपाङ्गता भएका व्यक्तिको विविधताको पहिचानसहित गुणस्तरीय शिक्षा, खेलकुद संस्कृति, साहित्य, कला, सङ्गीत, नृत्य र मनोरञ्जनको पहुँच सुनिश्चित गरी सबल, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने।

११.९ भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधि पहुँचयुक्त बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवा सहज बनाउने।

## 12. कार्यनीति

**रणनीति ११.१ को कार्यनीति: अपाङ्गता भएका व्यक्तिको मर्यादित, स्वावलम्बी र आत्मनिर्भर जीवन सुनिश्चित गर्नका लागि संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट राज्यका तीनवटै शासकीय तहमा समावेशी एवं समतामूलक प्रणालीको विकास गर्ने।**

११.१.1 अपाङ्गता भएका व्यक्तिका विषयलाई मूलप्रवाहीकरण गरी विभिन्न विषयगत नीतिमा समावेश गरी कार्यान्वयनमा ल्याइनेछ।

११.१.2 समावेशी एवं समतामूलक प्रणालीलाई राज्यका सबै शासकीय तहमा संस्थागत गरिनेछ।

११.१.3 सार्वजनिक निकायमा रहेका अपाङ्गतासम्बन्धी विषय हेर्ने सम्पर्क व्यक्तिलाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्न प्रशिक्षित गरिनेछ।

११.१.4 सार्वजनिक तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिका लागि सकारात्मक विभेदको नीति प्रवर्धन गर्ने र निजी क्षेत्रबाट प्रवाह गरिने सेवालाई अपाङ्गतामैत्री बनाउन प्रोत्साहन गरिनेछ।

११.१.5 सरकारका तीनवटै तहबिच तथा सार्वजनिक, निजी, सहकारी, गैरसरकारी एवं सामुदायिक संस्थाहरूबिच अपाङ्गता भएका व्यक्तिको हक अधिकार प्रवर्धनका लागि अभिमुखीकरण, क्षमता विकास तथा प्रभावकारी समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ।

११.१.6 सङ्घ, प्रदेश र स्थानीय तहलगायत अन्तर्राष्ट्रिय क्षेत्रका असल अभ्यासहरूलाई सबै सरोकारवाला निकायबिच आदान प्रदान गरिनेछ।

११.१.7 अपाङ्गताको प्रकृति, गम्भीरता र आयस्तरका आधारमा सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

**रणनीति ११.२ को कार्यनीति: अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने।**

११.2.1 सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको जीवनयापनको लागि सहभागितामूलक अपाङ्गतामैत्री नीति तथा कार्यक्रम तर्जुमा तथा समयानुकूल परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

११.2.2 नेपाल पक्ष भएका अन्तरार्ष्ट्रिय सन्धि, महासन्धि एवं ऐच्छिक आलेखमा भएका व्यवस्था कार्यान्वयनमा ल्याउन नयाँ कानून निर्माण तथा विद्यमान कानूनको पुनरावलोकन गरिनेछ।

११.2.3 अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सामाजिक सुरक्षाका कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११.2.4 अपाङ्गता वर्गीकरणको पहिचानका लागि आवश्यक पूर्वपरीक्षण प्रणालीको विकास गरिनेछ।

११.2.5 महिला अधिकार र सशक्तीकरणसँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका सवालहरूलाई प्राथमिकता दिइनेछ।

**रणनीति ११.३ को कार्यनीति: अपाङ्गता भएका व्यक्तिको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चित गर्ने।**

११.3.1 अपाङ्गता भएका व्यक्तिलाई सरकारी र गैरसरकारी क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरिनेछ।

११.3.2 राज्यका विभिन्न क्षेत्रमा हुने नियुक्तिमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गरिनेछ।

११.3.3 अपाङ्गता भएका महिलाका लागि विशेष संरक्षणात्मक एवं जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

११.3.4 व्यवसायिक, सिप विकास, उद्यमशीलता विकास तालिम तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्ति र अभिभावकहरूको सहभागितालाई प्राथमिकता दिइनेछ।

११.3.5 अपाङ्गता भएका व्यक्तिको वर्गीकरणअनुसार खण्डिकृत तथ्याङ्क तयार गरी सोको आधारमा लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११.3.6 अपाङ्गता भएका व्यक्तिलाई निर्वाचनमा सहज रूपले सहभागी/समावेश गराउन निर्वाचन तथा मतदान प्रक्रियालाई समावेशी, अपाङ्गतामैत्री एवं पहुँचयुक्त बनाइनेछ।

११.3.7 वास्तविक अपाङ्गता भएका व्यक्तिले मात्र लाभ लिन सक्ने गरी अपाङ्गताको वर्गीकरण तथा प्राप्त गर्ने सेवा सुविधालाई समसामयिक पुनरावलोकन गरिनेछ।

**रणनीति ११.४ को कार्यनीति: निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक तथा नियमनकारी उपायद्वारा अपाङ्गता भएका व्यक्तिप्रति रहेको नकारात्मक सामाजिक मूल्य मान्यतामा परिवर्तन ल्याउने।**

११.4.1 अपाङ्गता भएका व्यक्तिप्रति गरिने सबै प्रकारको अन्धविश्वास, विभेद, हिंसा र शोषणलाई नियन्त्रण र निराकरण गर्न निरोधात्मक, उपचारात्मक, प्रवर्धनात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ।

११.4.2 कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभाव एवं दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ।

११.4.3 न्याय सम्पादनसँग सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई अपाङ्गताको विषयमा क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

११.4.4 सामाजिक सुरक्षाका सेवा सुविधाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११.4.5 सङ्घ, प्रदेश र स्थानीय तहका सरकारलाई अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्न स्रोत साधन सम्पन्न बनाइनेछ।

११.4.6 सङ्घ, प्रदेश र स्थानीय तहका मन्त्रालय एवं कार्यालय बिच समन्वय गर्न अपाङ्गतासम्बन्धी विषय हेर्न अलग्गै डेस्क वा सम्पर्क विन्दुको व्यवस्था गरिनेछ।

११.4.7 अपाङ्गता भएका व्यक्तिका लागि चाहिने विशिष्ट प्रकृतिका सेवाहरूको मापदण्ड निर्धारण गरी सोअनुरूप सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११.4.8 पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी सेवा तथा बौद्धिक अपाङ्गता, अटिजम, श्रवण दृष्टिविहीन, मनोसामाजिक अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताअनुसार हेरचाह, परामर्शलगायतका सेवाहरू सामाजिक सुरक्षाकै अङ्गको रूपमा प्रदान गरिनेछ।

११.4.9 अपाङ्गता भएका व्यक्तिहरूको आत्मबल बढाउन, सशक्तीकरण गर्न तथा सहयोगीसहितको निर्णय गर्ने पद्धतिलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था गरिनेछ।

११.4.10 नियमित सहयोगी सेवा र हेरचाह सेवा आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई आर्थिक तथा परिवार सहयोग कार्यक्रम (Family support program) सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

११.4.11 अपाङ्गता भएका व्यक्तिप्रति गरिनुपर्ने व्यवहारका सम्बन्धमा जनचेतना अभिवृद्धिका लागि स्थानीय विद्युतीय र छापा माध्यम, सूचना प्रविधि र राष्ट्रिय सञ्चार माध्यमको प्रभावकारी परिचालन गरिनेछ।

११.4.12 विपद्का अवस्थामा अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको गम्भीरताको आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनःस्थापनामा विशेष प्राथमिकता दिइनेछ।

११.4.13 अपाङ्गता उत्थानशील समाजको निर्माण गरी समावेशी विपद् व्यवस्थापनका प्रक्रियामा तादाम्यता मिलाइनेछ।

११.4.14 अपाङ्गता हुने कारण पहिचान गर्न तथा सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था गरिनेछ।

**रणनीति ११.५ को कार्यनीति: स्वरोजगार, रोजगारी ,आयआर्जन, उद्यमशीलता र परिवार सहायताको एकीकृत कार्यक्रमका माध्यमबाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तीकरण गरी आत्मनिर्भर बनाउने।**

११.5.1 उद्यम एवं उद्योगसँग सम्बन्धित सिप विकास कार्यक्रम सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ।

११.5.2 स्वरोजगार र उद्यमशीलतासम्बन्धी कार्यक्रममा स्थानीय तहमार्फत अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ।

११.5.3 अपाङ्गता भएका व्यक्तिद्वारा प्रवर्धित उद्योग व्यवसाय दर्ता, ऋण र बिमा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ।

११.5.4 अपाङ्गता भएका उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन, भण्डारण र गुणस्तर परीक्षण तथा बजारीकरणको व्यवस्था मिलाउनुका साथै 'एक स्थानीय तह, एक बिक्री केन्द्र' को व्यवस्था गरी उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइनेछ।

११.5.5 व्यापार-व्यवसाय एवं उद्योगमा लगानी गर्नका लागि आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने, अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिनेछ।

११.5.6 अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखेर रोजगारी दिने उद्योग/प्रतिष्ठान तथा सङ्घ संस्थालाई प्रोत्साहन गर्ने तथा सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

११.5.7 सिप विकास तालिम, उद्यमशीलता विकासका लागि सहुलियतपूर्ण ऋण तथा स्वरोजगारका लागि अनुदानलगायतका कार्यक्रममा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकतामा राखिनेछ।

११.5.8 अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ।

११.5.9 अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने सहायक सामग्री उत्पादन गर्न र अपाङ्गमैत्री संरचना निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

११.5.10 निजी क्षेत्रसँगको सहकार्य एवं साझेदारीमा क्षमता विकास र सशक्तीकरण गरी स्वरोजगार वा रोजगारको सुनिश्चित गरिनेछ।

११.5.11 अपाङ्गता भएका व्यक्तिका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी आत्मनिर्भर बनाइनेछ।

११.5.12 स्वदेशी पुँजीबजार, व्यवसाय र गैरकृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको सहभागिता अभिवृद्धि गरिनेछ।

११.5.13 सङ्घ, प्रदेश र स्थानीय तहमा स्थापना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा अपाङ्गता भएका उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

**रणनीति ११.६ को कार्यनीति: अपाङ्गता भएका व्यक्तिप्रतिको हानिकारक अभ्यास, अन्धविश्वास, विभेद, हिंसा र शोषणको न्यूनीकरण गरी समतामूलक समाजको निर्माण गर्ने।**

११.6.1 सबै प्रकारका हानिकारक अभ्यास, अन्धविश्वास र हिंसा विरुद्ध समुदाय, नागरिक समाज, सरकारी, गैरसरकारी संस्था तथा निगरानी समूहको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाइनेछ।

११.6.2 सबै प्रकारका हिंसा न्यूनीकरणका लागि सबै अपाङ्गता भएका नागरिकको सूचना तथा सञ्चारमा पहुँच पुर्याई सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ।

११.6.3 हिंसाको न्यूनीकरण गर्न स्थानीय तहबाट कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाइनेछ।

११.6.4 अपाङ्गता भएका व्यक्तिप्रति रहेको पारिवारिक सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

११.6.5 अपाङ्गता भएका महिलामाथि हुने विभेद र हिंसा न्यूनीकरणका लागि विशेष संरक्षण प्रदान गर्दै शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

११.6.6 अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच पुर्‍याउन तीनै तहको सरकारले निःशुल्क कानूनी सहायताको व्यवस्था मिलाउनेछ।

११.6.7 सबै प्रकारका विभेदमा परेका अपाङ्गता भएका सीमान्तकृत, अल्पसङ्ख्यक समूह र अपाङ्गता भएका महिला र बालबालिकालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ।

**रणनीति ११.७ को कार्यनीतिः अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सेवा सुविधासहितको आवासीय एवं अल्पकालीन पुनःस्थापना र स्वास्थ्योपचारलगायतका आवश्यकताअनुसारका सहायक सामग्रीको व्यवस्था गर्ने।**

11.7.1 निजी क्षेत्रसँगको सहकार्यमा गम्भीरताको आधारमा अपाङ्गता भएका व्यक्तिको लागि पुनःस्थापना सेवा र आवश्यक स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ।

11.7.2 अपाङ्गता भएका महिला, किशोरी र बालिकामा यौन तथा प्रजनन स्वास्थ्य सेवाका साथै सुरक्षित मातृत्व सेवालाई सहज र पहुँचयुक्त बनाइनेछ।

11.7.3 सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको सेवा र सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ।

11.7.4 अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै अस्पताल तथा बर्थिङ्ग सेन्टरका प्रसूति कक्षलगायत स्वास्थ्य केन्द्रका भौतिक संरचना र सेवाहरू अपाङ्गतामैत्री र पहुँचयुक्त बनाइनेछ।

11.7.5 बौद्धिक अपाङ्गता, मनोसामाजिक अपाङ्गता, हेमोफिलिया, अटिजम र श्रवण दृष्टिविहीन व्यक्ति, नियमित डायलाइसिस गर्नुपर्ने अपाङ्गता भएका व्यक्तिले निरन्तर सेवन तथा प्रयोग गर्नुपर्ने औषधि तथा उपकरणहरू एवं मेरुदण्ड पक्षघात भएका व्यक्तिका लागि आवश्यक पर्ने युरिन व्याग, क्याथेटर, डाइपर, स्यानेटरी प्याड तथा निरन्तर सेवन गर्नुपर्ने औषधिहरू निःशुल्क उपलब्ध गराइनेछ।

11.7.6 पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य बिमा कार्यक्रम निःशुल्क एवं अनिवार्य र निजी/गैरसरकारी तथा अनौपचारिक क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा संलग्न गराइने व्यवस्था गरिनेछ।

11.7.7 अपाङ्गताबाट सिर्जना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि सरोकारवाला निकायसँग समन्वय गरी सुरक्षात्मक उपाय अवलम्बन गरिनेछ।

11.7.8 बेवारिसे अवस्थामा फेला परेका मानसिक वा मनोसमाजिक अपाङ्गता भएका व्यक्तिलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ।

11.7.9 स्थानीय तहमा साइकोथेरापी, साइकोकाउन्सिलर र प्रत्येक जिल्ला अस्पतालमा क्लिनिकल साइकोलोजिष्टको व्यवस्था गरिनेछ।

11.7.10 सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षा, संरक्षण तथा पुनःस्थापना गर्न मापदण्ड निर्माण गरी अल्पकालीन एवं दीर्घकालीन पुनःस्थापना केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।

11.7.11 अपाङ्गता भएका व्यक्तिलाई पारिवारिक पुनर्मिलनको व्यवस्थासहित पुनःस्थापना केन्द्रमा राख्ने व्यवस्था गरिनेछ।

11.7.12 पुनःस्थापना केन्द्रमा रहने व्यक्तिका लागि सिप विकास तालिम दिई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

11.7.13 अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सहायक सामग्री उत्पादन तथा नियमित रूपमा निःशुल्क वितरणको व्यवस्था मिलाई आवागमनलाई सहज र व्यवस्थित बनाउँदै लगिनेछ।

**रणनीति ११.८ को कार्यनीति: अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचानसहित गुणस्तरीय शिक्षा, खेलकुद, संस्कृति, साहित्य, कला, सङ्गीत, नृत्य र मनोरञ्जनको पहुँच सुनिश्चित गरी सबल, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने।**

11.8.1 सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क उच्च शिक्षासहित ब्रेललिपि, सचित्र, सरल, ठूलाछापा र साङ्केतिक भाषा, क्याप्सेनिङ, नोटटेकिङ र स्पर्श सञ्चारका माध्यमबाट निःशुल्क शिक्षाको पहुँच स्थापना गरिनेछ।

11.8.2 अपाङ्गता भएका महिलालाई लक्षित गरी सशक्तीकरण, आर्थिक उपार्जन र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

11.8.3 समुदाय र अभिभावकसमेतको सहयोगमा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रलगायतका विद्यालयसम्मको पहुँच स्थापित गरिनेछ।

11.8.4 अपाङ्गता भएका व्यक्तिको व्यावसायिक र गुणस्तरिय उच्च शिक्षामा समान पहुँच स्थापित गर्न आवश्यक कानूनी र प्रणालीगत व्यवस्था गरी अपाङ्गतामैत्री शिक्षण सिकाइको वातावरण तयार गरिनेछ।

11.8.5 अपाङ्गता भएका बालबालिका तथा युवालाई गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउन शिक्षकको क्षमता विकास, विद्यालय, कलेज र विश्वविद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणलगायत पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन तथा परीक्षा प्रणाली एवं शैक्षिक सामग्री अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाइनेछ।

11.8.6 अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, ल्याब, पुस्तकालय, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण बनाइनेछ।

11.8.7 अपाङ्गता भएका विद्यार्थीको सिकाइ उपलब्धि बढाउन, टिकाउ दरमा वृद्धि गर्न र सिकाइ प्रक्रियामा सहभागी गराउन जोड दिइनेछ।

11.8.8 अपाङ्गता भएका बालबालिकाहरूमा शिक्षाको पहुँच बढाउन अपाङ्गतामैत्री आवासीय विद्यालयको स्थापना तथा सञ्चालन गरिनेछ।

11.8.9 समावेशी शिक्षाअन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई समान रूपमा शिक्षा दिन सक्ने गरी शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण, तालिम र अवलोकन भ्रमणजस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

11.8.10 शिक्षा, तालिम, रोजगारीका माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरूको मानवीय सिप र व्यावसायिक दक्षता विकासका साथै सशक्तीकरण गरिनेछ।

11.8.11 अपाङ्गता भएका व्यक्तिका लागि समावेशी खेलकुदको विकास र प्रवर्धन गर्न सरोकारवाला निकायसँगको समन्वय, सहकार्य र सहयोग अभिवृद्धि गरिनेछ।

11.8.12 खेलकुद, कला, साहित्य र सङ्गीतसम्बन्धी योजना निर्माण र निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरिनेछ।

11.8.13 राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, खेलकुद, विज्ञान प्रदर्शनीलगायत क्षेत्रमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराई ज्ञान, सिपको आदान प्रदान गरिनेछ।

11.8.14 स्थानीय तहसम्म अपाङ्गता भएका व्यक्तिका लागि मनोसामाजिक परामर्शदाता, फिजियोथेरापिष्ट, साङ्केतिक भाषाको दोभाषे, समावेशी शिक्षण सिकाइ तथा पुनःस्थापनासम्बन्धी ज्ञान तथा सिपयुक्त प्राविधिक जनशक्ति विकास गरिनेछ।

11.8.15 अपाङ्गता भएका व्यक्तिको लागि चित्रकला, मूर्तिकला, फिल्मकला तथा सङ्गीत नृत्यको विकास र प्रवर्धन गर्न सरोकारवाला निकायको सहयोग, समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ।

11.8.16 एउटै प्रकृतिका समस्या भएका अपाङ्गता भएका व्यक्तिहरूको नेटवर्किङ विस्तारको व्यवस्था गरिनेछ।

11.8.17 सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको संज्ञात्मक, शैक्षिक तथा भाषा र व्यवहारको विकासका लागि स्थानीय तहबाट आवश्यकताअनुसारको सेवा र कार्यक्रमको व्यवस्था गरिनेछ।

**रणनीति ११.९ को कार्यनीति: भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधि पहुँचयुक्त बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवा सहज बनाउने।**

11.9.1 सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सेवा सुविधा अपाङ्गतामैत्री बनाई दैनिक क्रियाकलाप गर्न सरल हुने वातावरण निर्माण गरिनेछ।

11.9.2 विमानस्थल, सडक, भवनलगायतका सार्वजनिक भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्तामैत्री र पहुँचयुक्त बनाइनेछ।

11.9.3 आमसञ्चार, सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गरिनेछ।

11.9.4 नेपाली साङ्केतिक भाषाको साझा शब्दकोष तयार गरी सार्वजनिक टेलिभिजनबाट प्रसारण हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषा (दोभाषे सेवा) मा प्रसारण गर्न एवं सबटाइटल र क्याप्सन प्रयोगको व्यवस्था मिलाइनेछ।

11.9.5 सडक वा किनारमा राखिने सार्वजनिक सरोकारका भौतिक सामग्री (टेलिफोन बुथ, आराम गर्ने ठाउँ, सडकमा लगाइने बिरुवा, सडक पेटीमा लगाइने रेलिङ, सवारी प्रतीक्षालय, बिजुली तथा टेलिफोनका पोल, तार, सूचनापाटी) निश्चित मापदण्ड बनाई अपाङ्गतामैत्री ढङ्गबाट निर्माण तथा सञ्चालन गरिनेछ।

11.9.6 सार्वजनिक सेवासँग सम्बन्धित सूचना तथा सञ्चारलाई अपाङ्गतामैत्री बनाइनेछ ।

11.9.7 केन्द्रदेखि स्थानीय तहसम्म साङ्केतिक भाषाको तालिम प्रदान गर्न व्यवस्था मिलाइनेछ।

11.9.8 धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचनालगायत सबै सार्वजनिक स्थललाई पहुँचयुक्त बनाइनेछ।

11.9.9 आमसञ्चार माध्यम (साङ्केतिक भाषा क्याप्सेनिङ्ग, मोबाइल, एप्स आदि) लाई आवाजयुक्तसमेत हुने गरी अपाङ्गतामैत्री बनाइनेछ।

11.9.10 अपाङ्गता भएका व्यक्तिहरूबिचको सञ्चारलाई सक्रिय बनाई उनीहरूको क्षमता विकास गरिनेछ।

11.9.11 बौद्धिक अपाङ्गता, अटिजम र श्रवण दृष्टिविहीनजस्ता अपाङ्गता भएका व्यक्तिको सूचनामा पहुँच वृद्धि गर्न सचित्र सरल ठुला छापा (Easy to read ) र स्पर्श सङ्केतसम्बन्धी मापदण्ड र कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

## 13. संस्थागत संरचना

यस नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्न देहायबमोजिमको संस्थागत संरचना रहनेछ।

### १३.१ सङ्घीय तह

राष्ट्रियस्तरमा नीति कार्यान्वयनको अनुगमन गर्न, नीतिमा समसामयिक सुधार तथा सहजीकरण गर्न र अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षणसम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रवर्धन गर्न तथा सो काममा निर्देशन दिनसमेतका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका मन्त्रीको अध्यक्षतामा सरोकारवालासहितको एक अपाङ्गता राष्ट्रिय निर्देशन समिति रहनेछ।

### १३.२ प्रदेश तह

प्रदेशमा नीति समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न, अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्न, गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्नका लागि अपाङ्गतासम्बन्धी विषय हेर्ने मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रदेशस्तरमा एक समिति रहनेछ ।

**१३.३ स्थानीय तह**

यस नीतिको प्रभावकारी कार्यन्वयनका लागि प्रत्येक स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुख संयोजक रहने गरी एक स्थानीय समन्वय समिति रहनेछ।प्रदेश तथा स्थानीय तहका समितिले नीतिको कार्यान्वयनका लागि कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमलाई अपाङ्गतामैत्री बनाउन तथा अपाङ्गता भएका व्यक्तिको क्षमता विकास, सशक्तीकरण र सहभागिता अभिवृद्धिका लागि आवश्यक व्यवस्था तथा समन्वय गर्नेछन्।

## 14. स्रोत व्यवस्थापन

प्रस्तुत नीतिलाई एक विस्तृत एवं एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। यस नीति कार्यान्वयन गर्ने सन्दर्भमा तीनै तहका सरकारको वार्षिक बजेट, विशेष कोष, वैदेशिक सहायता तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, समुदाय तथा परिवारको सहकार्य र साझेदारीमार्फत स्रोत साधन परिचालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन कार्य स्थानीय तहको प्रत्यक्ष सहभागिता एवं संलग्नतामा सञ्चालन गरिनेछ।

## 15. कानुनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाइनेछ। यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाको निर्माण तथा परिमार्जन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ। प्रदेश तथा स्थानीय तहले यस नीति कार्यान्वयनका लागि आवश्यकताअनुसार कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्न सकिनेछ।

## 16. अनुगमन तथा मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि अपाङ्गतामैत्री सूचक देखिने गरी सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत विद्युतीय सूचना प्रणालीको विकास गरिनेछ। यस प्रणालीमा सूचनाको आवश्यक वर्गीकरण गरी सङ्घ, प्रदेश र स्थानीय तहले नियमित रूपमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिनेछ। नीतिको कार्यान्वयनको अनुगमन सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा गरिनेछ।

अपाङ्गताको विषयमा अध्ययन, अनुसन्धान गरी तथ्याङ्क सङ्कलन तथा सूचना व्यवस्थापनलाई चुस्त, प्रभावकारी र गुणस्तरिय बनाइनेछ।

सबै मन्त्रालय तथा निकायबाट आ-आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा क्षेत्रगत रूपमा सूचकहरू तयार गरी सोको आधारमा यस नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान हुनेछ।

प्रत्येक पाँच वर्षमा यस नीतिको पुनरावलोकन तथा समीक्षा गरी आवश्यकताअनुसार सुधार एवं परिमार्जन गर्न सकिनेछ ।

## 17. नीति कार्यान्वयन गर्ने कार्ययोजना

नीतिबाट अपेक्षा गरिएका दूरदृष्टी/लक्ष्य/उद्देश्य तोकिएको समयावधिभित्र हासिल गर्न नीतिगत व्यवस्थालाई क्रियाकलापमा विभाजन गरी एक वर्षभित्र कार्यान्वयन कार्ययोजना निर्माण गरी लागु गरिनेछ।

## *18.* सम्भावित जोखिम न्यूनीकरण योजना

यस नीतिको प्रकृति र स्वरूप बृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको छः-

- राष्ट्रिय अपाङ्गता नीति कार्यान्वयनमा आवश्यक दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने।
- अपाङ्गताको विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहकार्यमा जटिलता आउन सक्ने।
- राज्यका विभिन्न निकायकाबिच नीति कार्यान्वयनका लागि आ-आफ्ना भूमिकामा अन्यौल र दोहोरोपना रहन सक्ने।
- तीन तहका सरकार, निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी क्षेत्र, समुदाय तथा परिवारमा अपाङ्गतासम्बन्धी बिषयहरूको बुझाइमा विविधता भई कार्यान्वयनमा जटिलता थपिन सक्ने।
- अपाङ्गता भएका व्यक्तिको रोजगारी तथा अपाङ्गतामैत्री संरचना निर्माणमा निजी क्षेत्रको अपनत्व र सहभागिता सुनिश्चित गर्न कठिनाई हुन सक्ने।
- विपद् तथा महामारीको अवस्थामा नीति कार्यान्वयन प्रभावित हुन सक्ने।

माथि उल्लिखित जोखिमहरूको न्यूनीकरणका उपायहरू देहायबमोजिम हुनेछन्:-

- सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्रको रूपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ। अपाङ्गताको विषयमा दक्षतासहितको जनशक्ति परिचालन गरिनेछ।
- अपाङ्गताको विषयमा मन्त्रालयमा विज्ञ, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको आवधिक समीक्षा एवं सुधार गरिनेछ।
- अपाङ्गताको विषयमा संघ, प्रदेश, स्थानीय तह, नीजि क्षेत्र र संघसंस्थाको बीचमा निरन्तर समन्वय गरी बार्षिक कार्यक्रमको तय गरिनेछ।
- सङ्घ, प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी नीतिको कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।
- नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागु गरिनेछ।
- आवश्यकताअनुसार नीति कार्यान्वयनमा आउनसक्ने जोखिमहरूको व्यवस्थापन गरिनेछ।